स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक


नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



भारतीय निर्देशक सञ्जयलीला भन्सालीको वेब सिरिज 'हीरामन्डी: द डायमण्ड बजार' ओटिटीमा रिलिज भएको छ। बुधबारदेखि ओटिटी प्लेटफर्म टषिलक्समा वेब सिरिज रिलिज गरिएको हो। यो सिरिज ८ एपिसोडको छ । सिरिजमा मनिषा कोइराला, अदिति राव हैदरी, ऋचा चढ्ढा, सोनाक्षी सिन्हा, शर्मिन सहगल, सञ्जीदा शेखलगायत कलाकारको अभिनय छ । भन्साली निर्देशित पछिल्लो फिल्म 'गंगुबाई काठियावाडी' ले बक्स अफिसमा राम्रो व्यापार गरेको थियो ।

आजको विचार...



सूचना...
(दुई पेजमा)

भोजराज भट्टराई

अभिनेत्री पूजा शर्माले धेरै ठाउँमा पुगेर आफ्नो जन्मदिन सेलिब्रेसन गरिन् । प्रेमी युद्ध बानियाँले पनि केक खुवाएर बर्थडे 'विस' गरेका थिए । अन्यभन्दा फ्यानसँग उनको जन्मदिन सेलिब्रेसन विशेष रहेको थियो । फ्यानले सुनको बाला उपहार मात्र दिएनन्, फूलैफूलको वर्षासमेत गराए । पूजा र युद्धको फोटो समावेश लकेट पनि उपहार दिएका थिए । उसै पनि वर्षेनी पूजाको बर्थडे सेरेमोनी भव्य र विशेष हुनेगर्छ । उनीप्रति फ्यानको क्रेज बर्थडेमा निकै देखिन्छ । पूजाले मिडिया कुराकानीमा आफ्ना भावना र विचार पनि साटेकी थिइन् ।



❐ वर्ष २९ ❐ अंक २७२ ❐ २०८१ वैशाख २० गते बिहीबार 2 May 2024, Thursday ❐ पृष्ठ संख्या ४ मूल्य रु ५/-

## संक्षिप्त समाचार

### आज सूचना तथा सञ्चार प्रविधि दिवस मनाइँदै

**पाल्पा,** वैशाख १९/आज सूचना तथा सञ्चार प्रविधि दिवस विभिन्न कार्यक्रम गरी मनाइँदै छ । नेपालमा हरेक वर्ष मे २ मा यो दिवस मनाउने गरिन्छ । 'समृद्ध नेपालको आधार, सूचना प्रविधि र सञ्चार भन्ने नाराका साथ सातौं दिवस अर्थात् 'आइसिटी डे' मनाउन लागिएको हो । नेपालमा २०२८ सालमा कम्प्युटर भित्रिएको थियो । नेपालमा कम्प्युटर एसोसिएसन नेपाल (क्यान) को सन् १९९२ मा स्थापना भयो । त्यही स्थापना भएको दिनलाई सूचना प्रविधि दिवसका रूपमा मनाउन थालिएको हो । सरकार र निजी क्षेत्रले संयुक्त रूपमा सञ्चार तथा सूचना प्रविधि दिवस मनाउने गर्दछन् । हरेक वर्षको मे २ मा आइसिटी डे मनाइँदै आएकोमा नेपालमा निजी र सरकारी दुवै तवरबाट सञ्चार तथा सूचना प्रविधि दिवस मनाइँदै आएको छ । मानव जीवनलाई सहज, सरल र समृद्ध बनाउन सञ्चार तथा सूचना प्रविधिले महत्वपूर्ण भूमिका खेलेको छ । सूचना तथा सञ्चार प्रविधिको बढ्दो प्रयोगसँगै यसलाई व्यवस्थित गर्न सरकारले तयारी थालेको छ ।

## श्रम गर्नेहरुलाई सम्मान

# श्रमजीवीको अधिकार सुनिश्चित नहुँदासम्म समृद्धि सम्भव छैन : सभापति श्रेष्ठ

**रामचन्द्र रायमाझी**

**पाल्पा,** वैशाख १९/नेपाली काँग्रेस पाल्पाका सभापति हिमालदत्त श्रेष्ठले श्रमजीवी वर्गको हकहित र अधिकारको सुनिश्चितता नभएसम्म देशमा समृद्धि सम्भव नरहेको बताएका छन् । बुधबार १३५ औं अन्तर्राष्ट्रिय श्रमिक दिवसका अवसरमा नेपाल ट्रेड युनियन काँग्रेस पाल्पाले आयोजना गरेको श्रमिक सम्मान कार्यक्रमलाई सम्बोधन गर्दै सभापति श्रेष्ठले श्रमजीवी वर्गको हक, हित तथा अधिकार सुनिश्चित नभएसम्म सामाजिक न्याय, मुलुकको विकास र समृद्धि हुन नसक्ने बताएका हुन् ।






संविधानले व्यवस्था गरेको समाजवाद उन्मुख अर्थतन्त्र निर्माण गर्न सम्बद्ध सबै पक्षबाट श्रमको सम्मान र मर्यादा हुनुपर्ने उल्लेख गर्दै उनले श्रमिक, मजदुरका अधिकार सुनिश्चित हुनुपर्नेमा जोड दिए । उनले भने 'मुलुकमा प्रजातन्त्र, लोकतन्त्र र गणतन्त्र ल्याउन श्रमिक, मजदुरहरुको भूमिका महत्वपूर्ण रहेको छ, तर उनीहरुको अवस्था अझै पनि उस्तै छ ।' सभापति श्रेष्ठले सरकारले अझै पनि मजदुरको हितमा काम नगरेको बताए । उनले भने 'नेपालमा रोजीरोटीका लागि वातावरण नभएपछि धेरै श्रमिकहरु विदेश पलायन भएका छन्, यसलाई रोक्न सरकारले स्वदेशमै रोजगारीका अवसरहरु सिर्जना गर्न जरुरी छ ।' स्वदेशमा रोजगारीको पर्याप्त अवसर नभएसम्म उर्जाशिल युवाहरु विदेश पलायन भइरहने सभापति श्रेष्ठले बताए । उनले काँग्रेसले उठाएका हरेक मुद्दा श्रमिकका पक्षमा रहेको समेत बताए । सभापति श्रेष्ठले भने 'काँग्रेसले सरकारमा हुँदा होस् वा सदनमा सधै श्रमजीवीकै पक्षमा आवाज उठाउँदै आएको छ ।' उनले विसं २००३ सालमा कांग्रेसको नेतृत्वमा विराटनगरमा मजदुरको पहिलो ऐतिहासिक आन्दोलन गरेको उल्लेख गर्दै तत्कालीन सरकारले त्यो आन्दोलनलाई निर्ममतापूर्वक दबाउने नीति अख्तियार गरेर जननायक बीपी कोइराला लगायत धेरै नेताहरुलाई पक्राउ गरेको बताए । उनले विसं २०१६ मा कांग्रेसको जननिर्वाचित सरकारले नै कारखाना र मजदुर सम्बन्धी कानुनको तर्जुमा गरेर, मजदुरलाई कानुनसम्मत अधिकार प्रदान गरेको स्मरण गरे ।

कार्यक्रममा नेपाल ट्रेड युनियन काँग्रेसका केन्द्रीय सदस्य लक्ष्मण रायमाझीले श्रमिकहरुको पक्षमा ट्रेड युनियनले सशक्त रुपमा काम गर्दै आएको बताए । उनले भने 'ट्रेड युनियनको पहलमा सरकारले केही भएपनि श्रमिकको पक्षका काम गरेको छ ।' उनले श्रमिकहरु अझै पनि अपमानित हुनु परेको उल्लेख गर्दै त्यसतर्फ पार्टी नेतृत्वले ध्यान दिनुपर्नेमा जोड दिए । नेपाल प्रेस युनियनका केन्द्रीय उपाध्यक्ष माधव अर्यालले श्रमिकहरुको अवस्थाका बारेमा अध्ययन गर्न जरुरी रहेको बताएका । उनले कोभिडका कारण निजी क्षेत्रका श्रमिकहरुको अवस्था अत्यन्त नाजुक बन्दै गएको उल्लेख गर्दै उनीहरुको अध्ययन गरी सोही अनुसार काम गर्न सरकार, राजनीतिक दल र श्रम संगठनहरुलाई आग्रह गरे । कार्यक्रममा नेपाल ट्रेड युनियन काँग्रेस लुम्बिनी प्रदेशकी सह-सचिव नन्द ज्ञवाली, शिक्षक संघका केन्द्रीय उपाध्यक्ष दीपक ज्ञवाली, ट्रेड युनियन पाल्पाका सल्लाहकार चित्रवलीराम सुवाल, त्रिभुवन बहुमुखी क्याम्पस पाल्पाका स्ववियु सभापति कृष्ण अर्याल, नेपाल व्यूटिसियन संघ पाल्पाकी अध्यक्ष बविता विष्ट लगायतले आ-आफ्ना धारणा राखेका थिए । ट्रेड युनियनले दिवसको अवसरमा ५ जना श्रमिक वर्गहरुलाई सम्मान गरेको छ । युनियनका अध्यक्ष निलकण्ठ देवकोटाको अध्यक्षता, उपाध्यक्ष मणिराम अधिकारीको स्वागत, सचिव लोकनाथ अधिकारीको सञ्चालनमा कार्यक्रम भएको थियो ।

**काँग्रेसले पनि गऱ्यो श्रमजीवीलाई सम्मान**

यस्तै नेपाली काँग्रेस पाल्पाले पनि अन्तर्राष्ट्रिय श्रमिक दिवसका अवसरमा संगठित क्षेत्रका श्रमजीवीहरुलाई सम्मान गरेको छ । उसले एक औपचारिक कार्यक्रमको आयोजना गरी तानसेनस्थित पार्टी कार्यालयमा पार्टीका भातृ र शुभेच्छुक संस्थामा आवद्ध श्रमजीवीहरुलाई सम्मान गरेको हो । पार्टी सभापति हिमालदत्त श्रेष्ठ, काँग्रेस लुम्बिनी प्रदेशका सदस्य कृष्ण अधिकारी लगायतले उनीहरुलाई सम्मान गरेका हुन् । पार्टी सचिव सुनिता अधिकारीको सञ्चालनमा कार्यक्रम भएको थियो ।

## एमाले तानसेनको अध्यक्षमा पुनः आत्रेय




**कृष्ण पोखरेल**

**पाल्पा,** बैशाख १९/नेकपा एमाले तानसेन नगर कमिटीको अध्यक्षमा पुनः गुराँश आत्रेय निर्विरोध निर्वाचित भएका छन् । बुधबार तानसेनमा भएको एमालेको दोस्रो अधिवेशनले आत्रेयलाई पुनः अध्यक्षमा निर्विरोध निर्वाचित गरेको हो ।

जसको उपाध्यक्षमा शशी श्रेष्ठ, सचिवमा महेशलाल शाक्य, उपसचिवमा मित्रलाल नेपाली र थानिमाया सोमै चयन भएका छन् । १४ वटा वडा रहेको तानसेन नगरपालिकामा एक सय भन्दा बढी पार्टी संगठित सदस्यहरु भएको स्थानमा ५ जना र एक सयभन्दा कम संगठित सदस्य भएको वडामा ३ जना सदस्य आउने गरी एमाले नगर कमिटीमा नगर सदस्यहरु चयन भएका छन् । अधिवेशनले कमिटीका नगर पुर्व अध्यक्ष रामप्रसाद पोखरेल, पार्टी उप-सचिव मित्रलाल नेपाली र १४ वटै वडा कमिटी अध्यक्षहरुलाई विशेष सम्मान गरेको छ । अधिवेशनमा नेकपा एमालेका पोलिटब्युरो सदस्य ठाकुरप्रसाद गैरे, पार्टी अध्यक्ष धनेन्द्रराज घिमिरे, पार्टी पुर्व अध्यक्ष नारायणप्रसाद आचार्य पार्टीका केन्द्रीय सल्लाहकार पर्शुराम भट्टराई, संविधानसभा सदस्य नारायणी शर्मा घिमिरे लगायतले सम्बोधन गर्दै सुखी नेपाली सम्बृद्ध नेपाल बनाउने पार्टी एमाले मात्र भएकाले सबै जनतालाई एमालेमा गोलवन्द हुन अनुरोध गरे । ईलाम र बझाङ उप-निर्वाचनले पनि जनता एमालेको पक्षमा रहेकाले आगामी ८४ को निर्वाचनमा एमालेले संघ र प्रदेशमा बहुमत ल्याउने संकेत मिलेको बक्ताहरुले दावी गरे ।

अधिवेशनमा तानसेन नगर कमिटी अध्यक्ष आत्रेयले राजनीतिक प्रतिवेदनमार्फत पार्टीको अवस्था, आगामी दिनमा गर्नुपर्ने गतिविधीको बारेमा जानकारी गराएका थिए । अधिवेशनको खुला सत्र एमाले नगर कमिटी अध्यक्ष गुराँश आत्रेयको अध्यक्षता, उपाध्यक्ष शशी श्रेष्ठको स्वागत र सचिव महेशलाल शाक्यको सञ्चालनमा भएको थियो ।


## सन्तोष चलचित्र मन्दिरमा...




नेपाल अधिराज्यभर अपार सफलतापूर्वक चलिरहेको अभिनेत्री **केकी अधिकारी**को निर्माणका तथा अभिनय रहेको साथै चर्चित गीत **'बुझिन्न मैले'** रहेको चलचित्र **'बोक्सीको घर'** भव्यताका साथ चलिरहेको छ । स-परिवारका साथ अवश्य हेर्नुहोला ।

**शो समय :**

*पहिलो शो : ११:३० बजे, दोस्रो शो : २:३० बजे र तेश्रो सो साझ ५:३० बजे*

टिकट बुकिङ्ग नं. : ९८४७३९८५५५

*(नयाँ डल्बी डिजिटल साउण्ड, न्यू प्रोजेक्टर र लक्जरी सिटमा)*


## मगर भाषा संरक्षणका लागि 'अक्खा लिपि' प्रशिक्षण

**वालिङ (स्याङ्जा),** वैशाख १८/स्याङ्जाको वालिङमा मगर भाषा संरक्षणका लागि अक्खा लिपिका बारेमा प्रशिक्षण दिइएको छ । विशेषगरी नयाँ पुस्तालाई अक्खा लिपिका बारेमा सिकाएर भाषा तथा संस्कृतिको संरक्षणका लागि प्रशिक्षण दिइएको हो ।



वालिङ नगरपालिकाको आर्थिक सहयोग र नेपाल मगर संघ वालिङ नगर समितिको आयोजनामा वालिङमा १५ दिने प्रशिक्षण सुरु भएको नगर समितिका उपाध्यक्ष सीता थापाले बताइन् । 'मगर भाषाको संरक्षण र सम्वर्द्धन गर्दै पछिल्लो पुस्तामा हस्तान्तरण गर्नु जरुरी छ', उनले भनिन्, "बेलैमा भाषा तथा लिपि संरक्षणतर्फ लागिएन भने हाम्रो संस्कार संस्कृति नै लोप भएर जान्छ, लोप हुन नदिनका लागि प्रशिक्षणको आयोजना गरेका हौं ।' प्रशिक्षणमा वालिङ नगरपालिकाभित्रका १४ वटा वडाबाट दुई/दुई जना र नगर समितिका पदाधिकारी तथा सदस्य गरी झण्डै ५० जनाको सहभागिता रहेको छ । मगर भाषा बोल्न, लेख्न सिकाइने र प्रशिक्षणमा सहभागी भएकाले गाउँघरमा फर्केर अरुलाई सिकाउने भएकाले भाषा तथा लिपि संरक्षणमा प्रभावकारी भूमिका खेल्ने विश्वास उपाध्यक्ष थापाको छ । "भाषा थाहा भए पनि लिपिका बारेमा ज्ञान नहुँदा समस्या हुने गरेको छ", उनले भनिन् "विशेषगरी अक्खा लिपिका बारेमा सहभागीलाई लेख्न सिकाइने भएकाले भाषा र लिपि संरक्षण हुने र पछिल्लो पुस्तामा पुस्तान्तरण गर्दै लगिनेछ ।" नेपाल मगर लेखक संघका केन्द्रीय सदस्य एवं भाषाविद् पूर्णबहादुर रानामगरले अक्खा लिपिबाट अन्य धेरै लिपिको विकास भएको बताए । पुरानो पुस्ताले आफ्नो लिपि नयाँ पुस्तामा हस्तान्तरण गर्न सकेमात्रै यसको संरक्षण हुने भएकाले प्रशिक्षण सञ्चालन गरिएको बताए । प्रशिक्षणमा नयाँ पुस्ता एवं युवायुवतीको आकर्षण बढ्दै गएकाले पनि भाषा तथा लिपि संरक्षणमा महत्वपूर्ण भूमिका खेल्ने विश्वास आयोजकको छ । -रासस

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

# सम्पादकीय

## बढ्दो तापमानको असर

केही दिनयता लुम्बिनी प्रदेशसहित देशभरका अधिकांश क्षेत्रमा तापक्रम वृद्धि हुँदा गर्मी बढेको छ । विशेषगरी लुम्बिनी प्रदेशका तराईका केही जिल्लाहरुमा तापक्रमले सीमा नाघेको छ । ती स्थानहरुमा अहिले ४० डिग्री सेल्सियस तापक्रम पुगेको छ । उच्चरुपमा वृद्धि हुँदै गएको तापमानले 'लू'को खतरालाई समेत बढाउन पुगेको देखिन्छ । यसवर्षको उच्च तापमान भने ४३.६ डिग्री सेल्सियससमेत पुगेको छ, जुन बैशाख ८ गते भैरहवामा मापन भएको थियो । अबका दिनमा त्यसकै हाराहारी र अझ त्योभन्दा पनि बढी तापमानको जोखिम रहन सक्ने औँल्याइएको छ, जुन स्वास्थ्यका लागिसमेत निकै घातक हुन सक्छ । तापक्रम ४० डिग्री नाघ्नु भनेको धेरै हो । यो थ्रेसहोल्ड नाघ्यो भने मानिसलाई धेरै नै असर गर्छ । तापक्रम बढ्दै जाँदा शरीरलाई समेत असर गर्ने हुँदा स्वास्थ्यलाई ख्याल गर्नु आवश्यक छ । धेरै गर्मी हुँदा थकाइ लाग्ने, कमजोरी हुने, बढी तिर्खा लाग्ने, टाउको दुख्ने, खुट्टा बाउँडिने, चक्कर आउने, बेहोस हुने, मांसपेशी दुख्ने, बान्ता आदि हुनसक्ने भएकाले बेलैमा सचेत हुन अपरिहार्य छ ।

तातो हावा तथा तातो लहरबाट बच्न बढी गर्मीको समयमा घरभित्र अर्थात् चिसो स्थानमा रहने, बाहिरी वातावरणमा बढी नजाने, घाममा बढी नजाने, हल्का लुगा लगाउने, सुती कपडा लगाउने, बाहिर निस्कँदा टाउको छोप्ने, टोपी लगाउने, नियमित (पटक–पटक) पानी तथा झोल पदार्थ (जुस, सर्वत, आदि) प्रशस्त मात्रामा पिउनु पर्ने चिकित्सकहरुको सुझाव छ । अर्कोतर्फ तातो हावा लगातारजसो चलिरहँदा आगलागी तथा हावाहुरीको खतरा अत्यधिक रहन्छ, जुन पछिल्लो केही दिनयता देखिँदै पनि आएको छ । अहिले निरन्तररुपमा तातो हावा चल्ने र वायु प्रदूषणको मात्रासमेत उच्च रहने अवस्था देखापरेको छ । मौसम परिवर्तनको समेत प्रभाव यस्तो समयमा प्रत्यक्ष देखिने हुनाले त्यसका लागि तयारीको अवस्थासमेत मजबुत हुन आवश्यक छ । कुनै पनि हेलचेक्र्याइँले ज्यान नै जान सक्ने खतरासमेत विद्यमान रहेको हुँदा आवश्यक तयारीस्वरुप उच्च सावधानी अपनाउन जरुरी छ ।

### Opinion @ Social Network

बग्दै गरेको खुशीलाई आफै बग्न देऊ
छेकेर ताल बनाउन खोज्दा आफै डुब्न सकिन्छ ।
(*मधुमाया रानाको फेसबुक स्टाटस https://www.facebook.com/Madhumaya.rana*)

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

**सन्दर्भ : सूचना तथा सञ्चार प्रविधि दिवस**

# सूचना प्रविधि र सञ्चार : अवसर र चुनौती



**भोजराज भट्टराई**
palpali.bhoju@gmail.com

'समृद्ध नेपालको आधार, सूचना प्रविधि र सञ्चार' भन्ने नाराका साथ आज (मे २) अर्थात् राष्ट्रिय सूचना तथा सञ्चार प्रविधि दिवस (National ICR Day-2024) देशभर विविध कार्यक्रमसाथ मनाइदैछ । विगतका वर्षहरूमा जस्तै यस वर्ष पनि मे २ लाई राष्ट्रिय सूचना तथा सञ्चार प्रविधिको रूपमा मनाउन कम्प्युटर एशोसिएशन अफ नेपाल महासंघ (क्यान महासंघ)ले देशभरका शाखामा विविध कार्यक्रम गर्दैछ । यही दिवसमा केन्द्रीत रहेर यहाँ चर्चा परिचर्चा गर्ने प्रयास गरिएको छ ।

**नेपालमा हालको अवस्था**

सूचना प्रविधिको क्षेत्रमा भएको विश्वव्यापी विकास र विस्तारसँगै नेपालमा पनि सूचना प्रविधिको प्रयोग व्यापक हुँदै गएको छ । मुलुकको मुख्य प्रशासनिक केन्द्र, सिंहदरवार प्रवेश व्यवस्थापनलाई थप सहज र प्रविधिमैत्री बनाउने उद्देश्यसहित परीक्षणको रूपमा यही बैशाख १७ गतेदेखि काम विशेषले सिंहदरबार प्रवेश गर्ने व्यक्तिहरूको लागि गृह मन्त्रालयले ई-गेट प्रणाली सञ्चालनमा ल्याएको छ । यो सूचना प्रविधि आजको व्यवस्थित अवस्थाबाट सम्भव भएको देखिन्छ । योसँगै यसै आ.व.मा सरकारले अनलाइनमा नि:शुल्क नेपाली किताब पढ्न पाइने ४ प्लेटफर्म विस्तार गरेको छ । ईपुस्तकालय, विल्सन डटकम एनपी, इन्टरनेट अर्काइभ : नेपाली पुस्तक र नेपाल राष्ट्रिय पुस्तकालय भौतिक किताब भन्दा सस्तो, पढ्न सजिलो हुने भएकाले पाठकको रोजाइ डिजिटल भर्सन हुने गरेको छ । यो पनि सूचना प्रविधिको क्षेत्रमा विस्तार भएका केही प्रगतिका पछिल्ला उदाहरण हुन् । आईटी विज्ञ मनोहर भट्टराईका अनुसार सञ्चार तथा सूचना प्रविधि क्षेत्र नेपाललाई रुपान्तरण गर्न सक्ने सम्भावना बोकेको क्षेत्र हो । तर त्यतिकै रुपान्तरणको सपना देख्नु यथार्थपरक हुँदैन । समग्र आईसिटी क्षेत्रलाई कसरी अगाडि लैजाने भनेर राष्ट्रिय सोच बनाउनु जरुरी छ । सँगसँगै राजनीतिक इच्छाशक्ति पनि आवश्यक छ । आज मानिसको हात-हातमा मोवाइल छ । बढ्दो मोवाइल प्रयोगले सामाजिक सञ्जाल प्रयोगकर्ताहरूलाई आफ्ना दैनिकी सहज भएको छ । स्मार्टफोन अनि त्यसमा प्रयोग हुने उपयोगी एपहरूले हाम्रो जीवनशैली सहज बनाएका छन् । अनलाइन पेमेन्ट, अनलाइन आवेदन फर्म, अनलाइन रिजल्ट, अनलाइन जव, अनलाइन रिजर्भ, अनलाइन सपिङ्ग, अनलाइन मिटिङ/ कन्फेर्न्स, अनलाइन कोर्स स्टडी लगायतका विभिन्न अनलाइन सिस्टमका विजनेसहरू दिनप्रतिदिन बढिरहेका छन् ।

नेपाल राष्ट्र बैंकको तथ्याङ्क अनुसार करिब ७६ लाख नेपालीहरूले मोवाइल बैंकिङ सेवा र साढे १० लाखले इन्टरनेट बैंकिङ् सेवा प्रयोग गर्दछन् । तथापि विश्व बैंकले सन् २०१७ मा प्रकाशित गरेको तथ्याङ्क अनुसार ४५ प्रतिशत नेपालीहरूको मात्रै बैंकमा खाता छ । इन्टरनेट, कम्प्युटर र मोवाइलको प्रयोग पछिल्लो समयमा जति हामी अति आवश्यक ठानिरहेका छौं त्यतिकै गतिमा सूचना प्रविधिका नयाँ-नयाँ कार्यक्रम र सफ्टवेयर विकास भइरहेका छन् । यस्तो अवस्थामा इ-सेवा, खल्ती डिजिटल वालेटजस्ता डिजिटल भुक्तानी प्रणालीले बैंकिङ पहुँच बाहिर रहेको जनसंख्यालाई डिजिटल प्लाटफर्ममा ल्याउन र वित्तिय सेवा प्रदान गर्न महत्वपूर्ण भूमिका खेल्न सक्द छन् । पात्रो हेर्ने, समाचार सुन्ने/पढ्ने, बजारदेखि सरसमान खरिद गर्ने, विदेशबाट पैसा पठाउने-पाउनेदेखि आफन्तहरूसँग भलाकुसारी गर्न सामाजिक सञ्जालले सहयोग पुऱ्याएको पाइन्छ । यी सबै कुराको श्रेय मोवाइल र इन्टरनेटको विकसित प्रविधिलाई जान्छ । स्मार्ट मोवाइलको व्यापक प्रयोगसँगै सामाजिक सञ्जाल प्रयोगकर्ताहरू दैनिकजसो बढिरहेका छन् । अचेल हामीलाई अत्याधिक इन्टरनेट, मोबाइल, फेसबुक बिनाको जीवनशैली अपुरो, अधुरो र असभ्य लाग्न थालिसकेको छ ।

**सामाजिक सञ्जाल प्रयोगको अवस्था र विकृति :**

हामीले प्रयोग गर्दै आएको सामाजिक सञ्जालको प्रयोग फेक आइडी खोल्न, गालीगलौज गर्न, अश्लील शब्द प्रयोग गर्न, चरित्र हत्या गर्नको लागि सञ्चालनमा ल्याइएको होइन तर त्यही नहुनुपर्ने भइरहेको छ । पछिल्लो समय फेसबुक, युट्युव, ट्वीटर, ब्लग, भ्लग, अनलाइन पोर्टको दुरुपयोग अचेल बढी छ । यही बैशाख १७ गते नै सरकारले यसलाई नियमन गर्ने गरी ऐन ल्याउन लागेको सञ्चारमाध्यमले खबरहरू सार्वजनिक गरेका छन् । फेसबुकको तथ्याङ्क अनुसार अहिले नेपालमा लगभग १ करोड ४० लाख फेसबुक प्रयोगकर्ता छन् । जानकारी सेयरिङका लागि फेसबुक प्रभावकारी माध्यम भएको छ । यस्तैगरी आ.व.२०७४/०७५ को मंसिरमा दूरसञ्चार प्राधिकरणले सार्वजनिक गरेको तथ्याङ्क अनुसार नेपालमा कूल जनसंख्याको ५४. प्रतिशत इन्टरनेट चलाउन्छन् । यो प्रतिशत हालको अवस्थासम्म आइपुग्दा बढ्दो क्रममा छ । सामाजिक सञ्जाल प्रयोग कर्तामा हिजो आज स-साना स्कूले बालबालिकामा बढी रहेको देखिन्छ । स्कुल पढ्ने विद्यार्थीले धेरै कुरा सिक्ने धेरै कुरा उसको परिवार, छरछिमेक र ऊ बस्ने समाजमा हुन्छन् । तर ऊ स्कुलमा बाहेक मोबाइल फोनमै झुण्डिरहेको हुन्छ । नर्सरीमा पढ्ने बच्चा मोवाइलमा कार्टुन हेरेर रमाइरहेको हुन्छ । उसलाई आमाको ममताको परवाह हुँदैन । बुवाको वात्सल्य प्रेमको चासो हुँदैन । हजुरआमाका मिठा-मिठा कथाको मतलब हुँदैन । कसरी उसले ठूलो भएर आमाबाबुलाई माया गर्ला, जबकि माया-ममता सिकेको छैन ? कसर ऊ सिर्जनशील हुनसक्छ, जबकि हजुरआमाका कथा सुनेर कल्पना गर्न जानेकै छैन । यसो भन्दैमा सामाजिक सञ्जाल खराब भन्ने आसय मात्र होइन यसको प्रयोगलाई समयसापेक्ष र समुचित गराउन सकिएको छैन भन्ने मात्र हो ।

**सरकारी क्षेत्रमा भएका पहल :**

नेपालमा सूचना तथा सञ्चार प्रविधि प्रयोगको इतिहास खोतल्न सन् १९७१ तिर जानुपर्छ । त्यो बेला संयुक्त राष्ट्रिय विकास परियोजना (युएनडीपी) को सहयोगमा जनसंख्या गणनाका लागि नेपालमा एउटा आईबीएम कम्प्युटर ल्याइएको थियो, जसबाट जनगणनाका तथ्याङ्कहरू प्रशोधन गरिएको छ । अझ टेलिकमको इतिहास त त्यो भन्दा पनि पुरानो छ । अहिले इन्टरनेटको विस्तार सबैतिर भएसँगैको अवस्थामा सामाजिक सञ्जालले निम्त्याएका विसंगतिलाई रोक्न जरुरी छ भन्ने ठानेर २०७५ को अन्तिम समयमतिर संघीय संसदमा विवादास्पद सूचना प्रविधि सम्बन्धी विधेयक-२०७५ बहुमतले पारित भयो । सरकारले ल्याएको विधेयकलाई एकातर्फ स्वागतयोग्य कदमका रूपमा लिइएको छ भने अर्कोतर्फ सरकारविरोधी आवाजलाई दवाउने उद्देश्यसहित हतारमा पारित गरिएको भन्दै चर्को विरोध पनि भइरहेको छ । यसै आ.व.मा नेपाल सरकारको सर्वत्र चर्चामा रहेको टिकटक बन्द गराउँदाको विरोध नेपालमा अझै कायम रहेको देखिन्छ ।

सरकारले पारित गरेको सूचना प्रविधि विधेयक-२०७५ लाई विद्युतीय कारोबार ऐन २०६३ लाई विस्थापित गर्नेछ । हाल सरकारले पारित गरेको सूचना प्रविधि सम्बन्धी विधेयक-२०७५ मा विद्युतिय सूचनाको स्वरूपमा रहेका वैयक्तिक सूचनाको गोपनियता भङ्ग गर्न नहुने, सूचना सुरक्षाको प्रत्याभूति गर्नुपर्ने, डाटा केन्द्र तथा क्लाइड सेवा सञ्चालन गर्न इजाजत लिनुपर्ने व्यवस्था छ । नेपालमा लोकप्रिय फेसबुक, ट्वीटर, युट्युव, भाइबर, स्काइपजस्ता सामाजिक सञ्जाल दर्ता भएर मात्रै सञ्चालन हुनुपर्ने नियम बनाइएको छ । सरकारले नेपाललाई सूचना प्रविधिको उपयोगको थलो मात्र नबनाई आम्दानीको स्रोत बढाउने अवसरका रूपमा लिन यस्तो कदम अगाडि सारेको बेला-बेलामा विभिन्न माध्यमबाट सञ्चारमाध्यमलाई जानकारी दिंदै आएको छ । सरकारले भने जस्तो फेसबुक, ट्वीटरजस्ता कम्पनीलाई नेपालमा दर्ता प्रक्रियामा सामेल गराउन भने त्यति सजिलो छैन । बहुप्रतिष्ठित सामाजिक सञ्जाल फेसबुक, ट्वीटर, युट्युव लगायतको कम्पनीका लागि नेपाल निकै सानो बजार हो । ती कम्पनीले अहिले नेपालमा विना काननी प्रक्रियाबाट अर्बौं रुपैयाँ नेपालबाट लगिरहेका छन् । सजिलो गरी बिना कानुनी प्रक्रिया नाफा लिने लत परिसकेका त्यस्ता कम्पनीले नेपालमा यति छिट्टै कार्यालय खोल्न र नेपाल सरकारले भने जस्तो गरी दर्ता प्रक्रियामा सामेल हुन चाहँदैनन् । यदि सामेल भइहाले वा कार्यालय खोले भने राज्यका लागि राजश्व संकलनका लागि राम्रो माध्यम बन्ने थियो । सरकाले अगाडि सारेको समृद्धिको नारा पूरा गर्ने राम्रो अवसर हुने थियो । यसबाट एकार्फ सूचना प्रविधि क्षेत्रमा हुने कारोबार व्यवस्थित हुने थियो भने अर्कोतर्फ सूचना प्रविधिको दुरुपयोग गर्नेहरू र त्यस्ता प्रक्रियाबाट हुने साइबर अपराध न्यूनीकरणका लागि कारवाही प्रक्रिया छिटो हुने थियो । अर्कोतर्फ सूचना प्रविधि प्रयोगको सन्दर्भमा अवसरसँगै सूचना प्रविधिले ल्याएका गोपनियता, तथ्याङ्क सुरक्षाका वृहत्त चुनौतीलाई पनि राम्रोसँग सम्बोधन गर्न नीतिगत व्यवस्था जति हुनुपर्ने हो, त्यो हुन बाँकी छ । पाल्पामै २०८० चैत्र २४ गते भएको पत्रकार भेटघाटका क्रममा सूचना तथा सञ्चारप्रविधि मन्त्री रेखा शर्माले सूचना प्रविधि क्षेत्रलाई उद्योगको रूपमा विकास गर्न सरकार लागि परेको र यसको नीतिगत व्यवस्थातर्फ सरकारको चासो रहेको प्रष्टाइन । यसले वर्तमान सरकार सूचना, प्रविधि र सञ्चार क्षेत्रमा चासो लिएको देखिन्छ ।

**निष्कर्ष :**

सूचना तथा सञ्चार प्रविधि क्षेत्रमा नविनतम प्रविधिहरू आइरहेका छन् । यसको राम्रोसँग प्रभावकारी ढंगले काम गर्न सकेको खण्डमा यसबाट हामीले खोजेको रुपान्तरण ल्याउन सक्दछौं । यसर्थ नेपाली राष्ट्रियतासँग जोडिएका विषयमा उजुरी गर्ने स्थानका लागि पनि सामाजिक सञ्जाल तथा युट्युव च्यानल सञ्चालनको कार्यालय नेपालमा हुनु आवश्यक छ । यसका लागि सरकारले साँच्चिकै सूचना प्रविधिको उच्चतम प्रयोग गर्ने र त्यस्ता कम्पनीलाई नेपालमा ल्याउनको लागि उनीहरूलाई सहज वातावरण बनाउन जरुरी छ । यदि उनीहरू दर्ता हुन आए भने सामाजिक सञ्जाललाई अभिलेखिकरण र व्यवस्थित गर्नुपर्नेमा सरकार स्पष्ट हुनैपर्दछ ।

सूचनाको हकको कुरा संविधानको धारा २७ मा व्यवस्था भएपनि अन्तर्राष्ट्रिय अभ्यासलाई हेर्दा त्यहाँ केही त्रुटी देखिएका छन् । देश संघ, प्रदेश, स्थानीय संरचनामा गइसकेकको अवस्थामा प्रादेशिक, स्थानीय सूचना आयोग संविधानमा उल्लेख नगरिनु, संविधानमा सूचना हकका सन्दर्भमा नेपाली नागरिकलाई मात्र उल्लखे गरिनु ति त्रुटी मध्येका केही प्रतिनिधि उदाहरण हुन् । सामाजिक सञ्जाललाई मर्यादित बनाउन सूचना प्रविधि व्यवसाय, साइबर सुरक्षा, मोवाइल बैंकिङ, डाटा सुरक्षा, साइबर हमला, साइबर अपराध र साइबर आतंकलाई नियन्त्रण र नियमन गर्ने प्रावधानहरू संविधानमा संशोधन गरी राखिनु आवश्यक देखिन्छ । प्रविधिको प्रयोगले हामीलाई विश्व साँघुरो भएको महसुस हुन्छ । सूचना प्रविधिको क्षेत्र यति व्यापक भइसकेको अवस्थामा स्थानीय निकायका सरकारले पनि निजी क्षेत्रका प्रविधि व्यवसायी, प्रविधि प्रशिक्षणकर्ताहरूसँग बेला-बेलामा छलफलफल अन्तर्क्रिया गरी स्थानीयस्तरमै दक्ष जनशक्ति तयार गर्न सक्ने छन् । यसबाट स्थानीयतहमा सूचना प्रविधिको प्रचुर प्रयोगबाट सेवाग्राहीले व्यापक लाभ लिन सक्नेछन् । स्थानीय प्रविधि क्षेत्रमा लाग्ने लगानीकर्ता, व्यवसायी, कर्मचारी र प्रशिक्षण गरिरहेका संस्थाहरूको उचित सम्मान हुनेछ । सूचना प्रविधि क्षेत्रमा सरकारी भन्दा निजी क्षेत्रको सक्रियता अहिले बढी देखिन्छ । नयाँ प्रविधि एआई, रोबोटिक्स, ब्लकचेनहरू पनि अहिले प्रयोग भइरहेको हामीले देख्न सक्दछौं । यी सबै क्षेत्रको विकास र प्रवर्द्धनको लागि निजी क्षेत्रका सेवा प्रदायक, निजी क्षेत्रका व्यवसायी र सरकारबीच सहकार्य हुनु आवश्यक देखिन्छ । सूचना, सञ्चार र प्रविधिको क्षेत्रमा विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्थाले केही मानक निर्धारण गरेका छन् । त्यसको जानकारीसहित सञ्चार तथा सूचना प्रविधि मन्त्रालय र अन्तर्गतका निकायले यथाशीघ्र आवश्यक मानक निर्धारण गरी सोही बमोजिम लागू गर्नु आवश्यक छ । अस्तु !

***सन्दर्भ स्रोत :***

*- सञ्चार तथा सूचना सूचना प्रविधिको मन्त्रालयको वेवसाइट ।*
*- क्यान महासंघ, नेपालका वार्षिक बुलेटिनहरू र प्रकाशित सन्दर्भ लेखहरू ।*
*- लिभिङ विथ आइसिटी विभिन्न वर्षमा प्रकाशित विभिन्न अंकहरू ।*
*- कान्तिपुर, गोरखापत्र र समाचारपत्र दैनिकका २०७५-०८० मा प्रकाशित विभिन्न अंकहरू ।*
*- सञ्चारसम्बद्ध विभिन्न वेव साइट*

***(लेखक क्यान महासंघ लुम्बिनी प्रदेशका पूर्व सह-सचिव तथा क्यान महासंघ पाल्पाका पूर्व अध्यक्ष समेत हुन् ।)***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : धार्मिक कार्यमा रुचि बढ्नेछ । दैनिक कार्यमा सफलता पाइनेछ । | **तुला** : घर व्यवहारमा झमेला रहला। स्वास्थ्यमा खराबी रहला । |
| **वृष** : दैनिक कार्यमा प्रगति हुनेछ । समाजिक कार्यमा मन जाला । | **वृश्चिक** : समारोहमा सहभागी भई मिठो मसिने भोजन लिने अवसर आउने छ । |
| **मिथुन** : अधिकार प्राप्तिका लागि संघर्ष गर्नु पर्ला विवाद पनि बढ्नेछ । | **धनु** : लगनशीलताले कामहरू अगाडि बढ्नेछन् । जीवन सुखमय हुनेछ । |
| **कर्कट** : दक्षतामा विभिन्न कार्यहरू सम्पन्न हुनेछन् । आकाङ्क्षा पूर्ण हुनेछ। | **मकर** : प्रतीक्षा गरिएको काम पूरा हुन्नेछ। दाम, इनाम र प्रतिष्ठा कमाउने वेला छ। |
| **सिंह** : दिन भाग्यशाली भएर देखा पर्नेछ। महिला वर्गबाट विशेष सहयोग मिल्नेछ। | **कुम्भ** : विपरीत वर्गप्रति आकर्षण बढ्नेछ। मेहनतले काम गरेमा सफल भइनेछ। |
| **कन्या** : दाम, इनाम र प्रतिष्ठा कमाउने वेला छ । कुटुम्बको सहयोग मिल्नेछ । | **मीन** : कुनै कुराले मनमा शान्ति छाउनेछ। विशिष्ट व्यक्तिको साथ पाइनेछ। |

# बाल बाटिका

बाल कथा

## बासी खाना



कतिपय मानिसमा अरूको कमाइमा फुर्ती लाउने बानी हुन्छ । यसैको आडमा कोही म यस्तो र उस्तो भन्ने गर्छन् । कोही यस्तो गर्न सक्छु, त्यस्तो गर्न सक्छु भन्न पुगिरहेका हुन्छन् तर यस्तो बानी राम्रो भने होइन । पहिलो कुरा त यसले घमन्डी र अहङ्कारी बनाउँछ । दोस्रो कुरा प्रगति र उन्नतिको ढोकामा आग्लो लाग्न पनि बेर लाग्दैन । हुन त जसरी प्राप्त भए पनि आफ्नो धन आफ्नै हो तर जसमा आफ्नो श्रम परेको छैन त्यसले सुखी आनन्दित गराउन सक्दैन । धेरै पहिलेको कुरा हो । एक पटक कुनै सज्जन आफ्ना बाल दोस्तीको घर गएका थिए । यद्यपि त्यतिबेला उनका दोस्ती थिएनन् । तीन चार वर्ष अघि नै बितिसेका थिए । तैपनि उनका छोरा श्यामलाई भेट्न भनेर गएका थिए । बाबुको बालदोस्ती आएको देखेर श्याम निकै खुसी भयो र सक्दो स्वागत सत्कार गऱ्यो । स्वागत सत्कारको काम सकिएपछि आगन्तुक सज्जनले भने-

*पहिलो कुरा त यसले घमन्डी र अहङ्कारी बनाउँछ । दोस्रो कुरा प्रगति र उन्नतिको ढोकामा आग्लो लाग्न पनि बेर लाग्दैन । हुन त जसरी प्राप्त भए पनि आफ्नो धन आफ्नै हो तर जसमा आफ्नो श्रम परेको छैन त्यसले सुखी आनन्दित गराउन सक्दैन । धेरै पहिलेको कुरा हो । एक पटक कुनै सज्जन आफ्ना बाल दोस्तीको घर गएका थिए । यद्यपि त्यतिबेला उनका दोस्ती थिएनन् । तीन चार वर्ष अघि नै बितिसेका थिए । तैपनि उनका छोरा श्यामलाई भेट्न भनेर गएका थिए । बाबुको बालदोस्ती आएको देखेर श्याम निकै खुसी भयो र सक्दो स्वागत सत्कार गऱ्यो ।*

'बाबु श्याम ! तिम्रा बाबुले चाँडै नै छाडेर गए । दैवको लीला यस्तै हो, कसलाई कतिबेला के पर्छ पत्तै हुँदैन । मन सानो नगराऊ । हामी छौँ । आफू घरमा नभएकाले दु:खको बेला भेटन् आउन सकिन माफ गर । सानै छौ । व्यवहारमा नपरेको मानिस कति बेला के गर्ने थाहा नहुन सक्छ । बाबुको कमाई छ भनेर विना काममा नउडाउनु । परेको बेला हीरा पनि फोर्नु पर्छ । अघिपछि नुनको ढिका पनि होस पुऱ्याएर चलाउनुपर्छ भन्ने उखानै छ । आवश्यकता पर्दा सम्झना गर्नु । सकै आउँला नभए पनि सन्देश पाउनेछौ ।'

श्यामको ऐश आराममा सम्पत्ति खर्च गर्ने बानी थियो । यसैका कारण बाबु बितेको छोटो समयमै आधाभन्दा बढी सम्पत्ति उडाइसकेका थिए । त्यसैले उनले यस्तो कुरा गरेका थिए तर श्यामले भने त्यसको आशय बुझ्न सकेन र हाल्कारूपमा लिँदै भन्यो-

'के गर्ने काका ! दैवको लीला यस्तै रहेछ भन्ने ठानेर चित्त बुझाएको छु । अब मेरा लागि बाबा भने पनि काका भने पनि तपाईं नै हो । अल्लारे छु गल्ती हुन सक्छ । यस्तोमा मार्गदर्शन दिन नभुल्नुहोला ।'

सज्जन एकाध दिन त्यतै बसे । श्यामको व्यवहार उनलाई कत्ति मन परेको थिएन । तैपनि प्रसङ्ग नमिली त्यत्तिकै केही भन्न सकिने अवस्था थिएन । जब उनी केही दिन बसी फर्कने विचार गर्न लागे तब श्यामले आएर भन्यो-

'काका ! केही दिनमै दीपावली आउँदै छ । घरमा भोजको प्रबन्ध गरेछु । मिल्छ भने त्यति बेलासम्म बसिदिनु भए आभारी हुने थिएँ ।'

आगन्तुक सज्जन यस्तै मौकाको पर्खाइमा थिए । तैपनि केही सम्झाउन सकिन्छ कि भन्ने आशा लिएर भने-

'त्यसै भन्छौ त्यही सही । दुई चार दिन बस्दैमा तिमी खुसी हुन्छौ भने मेरो भन्नु केही छैन ।' यति भनेर सज्जन रोकिए । एक दिन, दुई दिन गर्दै दीपावलीको दिन आइपुग्यो । श्यामले भव्य भोजको प्रबन्ध गऱ्यो । उसका मित्रमण्डलीका साथीहरू आएर भोजमा सहभागी भए । जब आगन्तुक सज्जनलाई भोजन दिइयो तब उनले एक गाँस खाना हातमा लिँदै भने-

'बाबु श्याम ! मेरो बानी तिमीलाई थाहा छैन जस्तो लाग्यो । मैले बासी खाना खाने गरेको छैन । भलै भोजन मीठो नहोस् तर ताजा भने हुनैपर्छ । तिमीले बासी खाना दिएर राम्रो गरेनौ । माफ गर यसलाई खान सक्दिन ।'

उनको कुरा सुनेर श्यामको आश्चर्यको सीमा रहेन । भोजन ताजा थियो, भरखरै पकाएको । तैपनि बुढा बासी भनिरहेका छन् । उसले कुरा बुझ्न नसकेको भावमा भन्यो-

'काका ! के भन्नुभएको यस्तो ? यो भोजन त भरखरै बनाएको हो । ताजा पनि छ शुद्ध पनि छ । तैपनि बासी भन्दै हुनुहुन्छ यसमा पक्कै कुनै रहश्य हुनुपर्छ ।'

त्यसपछि सज्जनले यसै मौकामा सम्झाउन उपयुक्त ठानी मुस्कुराउँदै भने-

'बत्स ! तिमी भ्रममा छौ । यो भोजन बासी मात्र होइन पच्चीसौं वर्ष पुरानो गन्ध आइरहेको छ । यस्तो भोजनलाई कसरी ताजा ताजा भनौं । मेरा मित्र पौरखी थिए । निकै कष्टले सम्पत्ति जोडेका थिए तर तिमीले उनी गएको तीन चार वर्षमै आधाभन्दा बढी खर्च गरिसकेका छौ । यसरी कति दिन चल्छ ? पैसाको महत्व आफैँले नकमाई थाहा हुन्न बुझ्यौ ? यदि तिमीले कमाइको भोजन भएको भए तीन दिनको बासी भए पनि ताजा मानेर खाने थिएँ चाहे भुटेको मकै नै किन नहोस् तर यो त तिम्रो कमाइको होइन । जब तिम्रो कमाइकै होइन भने कसरी ताजा भनौं । लाग्छ त्यस्तो त मेरो निधारमै लेखेको छैन ।'

उनको कुरा सुनेर श्यामको आँखा खुल्यो । उसले सज्जनको गोडा समाउँदै भन्यो-

'काका ! तपाईंले मेरो आँखा खोलिदिनुभयो । अब त्यस्तै गर्नेछु । अर्को पटक आउँदा आफ्नै कमाइले भोजन गराउनेछु ।'

उनको कुरा सुनेर सज्जन निकै खुसी भए । सफलताका शुभकामना दिँदै हिँडे । त्यसपछि श्याम कडा मिहिनेत गरी कमाउन लाग्यो । उसलाई देवता, पितृ आदि सबैको यति बढी आशीष प्राप्त भयो कि चाडै नै धनाढ्य बनेर सुखले रहन लाग्यो । यस कथामा केकति सत्यता छ त्यो त थाहा छैन तर सही धन त्यही हो, जसमा आफ्नै श्रम परेको हुन्छ । अन्य धन त देख्न र देखाउनमै सीमित हुन्छन् ।

*-रातोपाटी डटकम*

निबन्ध

गोपी मैनाली

# सन्देहको सगरमाथा र विश्वासको सागर

संसार ससाना विश्वासको निर्माण र सन्देहको विध्वंशमा रचिएको छ । विश्वासले विश्वास र सन्देहले अनविश्वासको सगरमाथा ठड्याउँछ । सन्देहहरू साना हुन्छन्, तर ती सधैं साना रहँदैनन् । सन्देहको फैलावट मनको गति र शङ्काको शक्तिमा दौडिन्छ । विश्वास त्यसरी नै बढाउन सकिने भए संसार कति खुसीमय हुने थियो ? शङ्कालुहरू कति सिर्जनाका शक्तिमा बदलिने थिए ? सन्देहको गुम्साइमा मानिस आफैमा थुनिन्छ । आफ्नै भविष्य र यात्रालाई अँध्यारो पार्छ । सन्देही सन्देह गर्नुपर्ने कुनै कारणबिना नै सन्देहको भुग्रोमा पर्छ । उसको नकारवृत्तिमा नकारात्मकताले प्रवेश गर्नु न हो । नकारवृत्तिले सन्देह गरिएको व्यक्तिलाई अनाहकमा आक्रमण गर्छ । शङ्का गरिएको व्यक्तिको मन, मस्तिष्क उधारेर छ्याङ्ग हुँदो त शङ्का गर्नेहरू एकसय असी डिग्री विपरीतमा प्रायश्चितमा पुग्ने थिए ।

विज्ञान मानव मस्तिष्कको पोजिट्रोन, इलेक्ट्रोन टोमोग्राफी (पेट) विश्लेषण गरेर कोही किन बदला र ईर्ष्याको भावना राख्छ भन्ने पत्ता लगाउँदै छ । सन्देह ईर्ष्या र बदलाको बीउ हो । एकअर्कालाई बुझ्न सके शङ्का-सन्देहको स्थिति नै रहेन थिएन । मन मस्तिष्क उघारेर हेर्न सक्ने, छर्लङ्ग हेर्न पाउने अवस्था भए मानिस सन्देह शङ्काको अँध्यारोबाट स्वत: बाहिरिने थियो । चेहरा वा अभिव्यक्ति पढेर मनमस्तिष्क बुझ्ने क्षमता कसैसँग छैन । त्यस्तो प्रविधि विकास भएपनि सम्पूर्ण मानव रहस्य सकिएपछि, एकले अर्कोलाई सर्वाङ्ग पढ्न बुझ्न सक्ने भएपछि मानवीय सुन्दरताका कतिपय पक्ष साथै विसर्जन हुने थिए । सभ्यता र विकासका लागि पनि केही रहस्य सधैँ बाँकी रहनुपर्छ । सन्देह र शङ्का अक्सर आफ्ना प्रति गरिन्छ । शङ्का गरिनेहरू आफ्ना हुन्छन्, कि त सम्बन्धित । आफ्नाहरूप्रति किन सन्देह गरिन्छ होला ? मनोविज्ञानमा प्रत्येक व्यक्ति भावनात्मक द्वन्द्वमा हुन्छ । सन्देहीहरू आन्तरिक द्वन्द्वको भुङ्ग्रोमा हुन्छन् । मानसिक रूपमा असुरक्षित हुन्छन् । मनको बाघ र नभएको त्रास निम्त्याइरहेका हुन्छन् । अरूलाई जित्ने, अधीनस्थ गर्ने, च्यात्ने बिगार्ने अभीष्टमा हुन्छन् । आफ्नाहरूलाई आफ्नो बनाउने द्वन्द्व, आफ्ना अरूबाट अलग्याउने द्वन्द्व, विश्वास जित्ने र जित्न नसकेपछि सन्देहको सगरमाथा ठड्याउने मनोविज्ञानको द्वन्द्व सन्देहको आवृत्ति हो । पत्नी पतिप्रति सन्देह गर्छे । मेलापातबाट आउँदा सन्देह, कार्यालय कामबाट आउँदा सन्देह, थाक्दा सन्देह, हतारिंदा सन्देह, छिटो गर्दा, ढिलो हुँदा, बोल्दा-नबोल्दा, हाँस्दा-नहाँस्दा सबैतिर सन्देह । बोलीमा, व्यवहारमा, देखाइमा, लुकाइमा, हिंडाइमा, गराइमा सन्देह भावहरू लुकिरहेका देखिन्छन् । मन पढ्न नसकेका पति पत्नीहरू सन्देहका कथाहरू सजिलै रच्न सक्छन् । औपचारिकतामा विश्वासिला भएर व्यवहारमा शङ्का गर्छन् । शङ्का र सन्देहका तर्क छैनन्, छेकबार छैनन् । त्यसैले ती सीमाहीन छन्, फैलाइको प्रवेग गतिवान् छ । सन्देहीहरू लोकाचारमा विश्वासका नाटक गर्छन्, शङ्कामा पर्ने बिचरा अबोध निश्छल रहन्छ । जब शङ्का र सन्देह पोखिन्छ, शङ्कामा पर्ने निर्दोष व्यक्ति झल्याँस्स हुन्छ र एकपटक बेस्सरी गुम्फिन्छ, छटपटाउँछ र आफैमाथि अनविश्वास गर्न बेर लाउँदैनन् । निर्दोष आफैप्रति व्यङ्ग्यमा रहन्छ, अलमलमा पर्छ । कहिल्यै त हठात् शङ्काबाट माथि उठ्ने निक्यौल गर्छ । धेरैजसो यसो गर्ने सामर्थ्यमा पनि रहँदैनन् । एक युवतीले उनको जीवनसाथीले उनका इमेल, कम्प्युटर, मोबाइल जतासुकै शङ्काले हेर्न थालेपछि जीवन सन्देहमय नहोस् भनी विवाहको तीन महिनामा नै अलग बाटो लिइन् । संसार आपस्तमा कसरी शङ्कालु छ भन्ने तथ्य हो यो । तर यस्तो साहसिक बाटो लिने सामर्थ्यमा पनि सबै हुँदैनन् । यस अवस्थामा विश्वासको नाटकमा सन्देहको जीवन गुजार्ने बाध्यता बाहेक अर्को विकल्प रहँदैन । जमेको पोखरीलाई छताछुल्ल पार्ने सामर्थ्य नभएका धेरै हामी मनमनै टुङ्गिएर जीवन घिच्याइरहन्छौं । विश्वासको नाटक चकनाचुर पारेर साधैंभरि जोडिन नसक्ने अवस्थामा पुग्न चाहँदैनौं । जीवनमा आशा अझै बाँकी छ, विश्वास फेरि फर्कला भन्ने धिपधिपे आशामा घिच्चिन्छौं । सन्देहले व्यक्ति निजत्व गुमाउँछ, भनौं प्राकृतिकपन गुमाउँछ र अँध्यारो संसारमा प्रवेश गर्छ । सन्देहको थाकमाथि उभिएर के के न जिते जसरी रमाउँछ । सन्देहवृत्ति मानिसमा निरन्तर रहने नकारात्मक मनोविज्ञान हो । यो मनोविज्ञान उसलाई सिर्जना र नवनिर्माणबाट अलग्याउने अवचेत शक्ति हो भन्ने मानिस बुझ्दैन । सन्देहले सन्देहकलाई पनि सक्छ, सन्देहितलाई पनि सक्छ । बुझेर नबुझेर सन्देहित निरन्तर सन्देहको शिकार बनेको छ । सन्देहले ईर्ष्या जन्माउँछ, विनाश जन्माउँछ, विध्वंश गर्छ र चेत गुमाउँछ । सन्देहको शक्ति जसरी नै विश्वासको विस्तार गर्न पाएको भए व्यक्ति र विश्व कति माथि उठिसक्थ्यो होला ?

सन्देह गर्नु, शङ्काको सगरमाथा उठाउनुका कारण स्वार्थ हो । व्यक्ति व्यक्तिवादी हुनु, सुखको, स्वार्थको खोजी गर्नु शङ्काको आधार हो । सुखको चाहना वा सन्तुष्टिको लहरोले स्वार्थलाई सीमाहीन बनाइदिन्छ । मनोतुष्टि पूरा गर्न नानाभाँतीका सन्देहका तीखा बाणहरू प्रहार भएका हुन् । जे छ त्यसैलाई स्विकार्ने र त्यसलाई माया गर्दै उठ्न असहज भएपछि शङ्काको सजिलो क्रम शुरु हुन्छ । भुलेका हुन्छन् कि खुसी माग गर्ने होइन, विश्वासले सिर्जना गर्ने चिज हो । विचार र व्यवहारले नै वृत्ति र व्यक्ति बनाउने हो भन्ने वास्तविकता भुलेपछि व्यक्ति सन्देह र शङ्काको सुरुङमा पस्दै सम्बन्ध, साथीत्व, सङ्गठन र शासनलाई प्रहार गर्छ । बालकहरू शङ्का जान्दैनन्, सन्देह गर्दैनन् । उमेरसँगै प्राकृतिकपन घट्ने क्रमले मानिस सन्देह वृत्तिमा पर्दै जान्छ । पहिचान, प्रतिष्ठा, पैसा, यौन र भोगका मनोवृत्तिहरू फराकिन थाल्छन् । ती पूरा हुन नसक्दा सन्देहले क्षतिपूर्ति खोज्छ । प्रेमीले प्रेमी प्रति सन्देह राख्छ, पति-पत्नी एकअर्कामा सन्देह गर्छन्, साथी-दौँतरीहरू सन्देहमा जल्न थाल्छन् । असुरक्षाको वलयले नानाभाँती सिर्जना हुन्छ । मानिसको कमजोरीको सापेक्षमा सन्देह बढ्दै जान्छ । कमजोरहरू सामर्थ्यहीनताका कारण अरूहरू पनि आफूजस्तै भएको भ्रममा हुन्छन् र शङ्का गर्न थाल्दछन् । सामर्थ्यवान्का लागि सन्देह गर्नु आवश्यक नै हुँदैन, ऊ कर्मको संघर्षमा रहन्छ । सन्देह र शङ्का संघर्ष गर्ने सामर्थ्य नभएकाहरूको कुटिल हतियार हो । सन्देहीहरू खुसीमा रमाउन सक्दैनन् । हाँसिरहेका त हुन्छन् तर मनैदेखि खुसीमा हुँदैनन् । आफूले भन्दा ठूलो खुसी अरूले लिएको छ भन्ने आशङ्काले आत्मिक खुसीलाई भत्काइदिएको हुन्छ । आँखा अघिका सबैमा व्यवहारमा शङ्का गर्छन्, आँखापछिका त के के भो के के भो भन्ने रापमा जल्छन् । यहाँसम्म कि सपनामा पनि शङ्काको आक्रमणमा साँघुरिन्छन् । शङ्कै शङ्काका ससाना वृत्तिको आवृत्तिले व्यक्ति शङ्काको सागरमा डुब्छ, भनौं मनमनै जल्न थाल्छ । मन अमिल्याउँछ र शङ्काको रागमा आफै चाउरिन्छ । यथार्थको सुन्दर घर, आदर्श साथी, पवित्र प्रेमी, आफन्त सबैलाई अन्धकारमा धकेल्दै संसारलाई कलुषित बनाउँछ । तै पनि मानिस शङ्का गर्न छाड्दैन । षड्यन्त्र गर्न छाड्दैन, मिथ्या बोली र व्यवहार छाड्दैन । सन्देह र शङ्काको मनोविज्ञानले चेतन शुद्धीलाई गुमाउँदै आएको छ । समाजमा सन्देही मात्र छैनन्, विश्वासिला पनि छन् । विश्वासले विश्वास कमाइरहेका छन् । एउटा साथीले अर्कोलाई राम्रो भन्दा, उसका सकारात्मक कुराहरू मात्र उजागर गर्दा, विश्वासिलो बन्दा साथीको विश्वास र इमानी मात्र फैलिँदैन, आफ्नै पनि पथ, पहिचान र विश्वास फैलिन्छ । सकारात्मक सोच सुन्दर विश्व निर्माणको बीजारोपण हो । सकारात्मक सोचले आत्मविश्वास र स्वयम् ऊर्जा उत्पादन गर्छ । संघर्षको सामर्थ्य नहुँदा पनि आत्मविश्वास जगाउँछ । स्वच्छ मन, सुन्दर घर, पवित्र परिवार र सपाट संसारको कारण सकारात्मक सोच हो । विश्वासले सिर्जना गर्ने सकारात्मक शक्तिले संसारलाई विश्वासिलो र फराकिलो आँखाले देख्छ । अर्कोमा विश्वास नगर्नुपर्ने कारण देख्दैन, राम्रा पक्षबाट शुरु गर्छ र राम्रैको आर्जन गर्छ । फेरि मानिसले मानिस प्रति, आफन्त प्रति, साथी प्रति, परिचित प्रति, अपरिचित प्रति विश्वास नगर्नुपर्ने कुनै कारण पनि त छैन । विश्वासको अंश सँगालिँदै आएको परिमाण अहिलेको मानव सभ्यता हो । पतिले पत्नीलाई, पत्नीले पतिलाई, साथीले साथीलाई, परिचितले परिचितलाई, अपरिचितले अपरिचितलाई विश्वास गरेकोले संसार यति फराकिलो र मानवीय भएको हो । अलिकति पनि सन्देह शङ्का र अस्वस्थ स्वार्थ नहुँदो हो त विश्वासले संसारको सभ्यतालाई अझै कति माथि उठ्थ्यो होला ?

प्रकृतिले विश्वास गर्न सिकाएको छ । खुला र मुक्त हुन सिकाएको छ । बिहानीसँगै उदाउने घाम र सन्ध्यासँगै आउने जूनले विश्वास र उदारतामा उज्यालो हुन सिकाएको छ । निरन्तर परिश्रम गर्न सिकाएको छ । फूल फक्रेर हाँसेको छ, खुला र निश्छल बन भनिरहेको छ । जनावरहरू हुल बाँधेर चरिरहेका छन्, विश्वासमा सुरक्षा खोजिरहेका छन्, सबै एकअर्काप्रति भरोसा गर्छन् । न लोभ छ न ईर्ष्याको खाडल । कन्दराको लहरा पनि सँगैको बिरुवाको बुई चढेर माथि पुग्ने विश्वासमा छ । बोटबिरुवाको विश्वास नपाउँदो हो त लहराको अस्तित्व कति कमजोर हुन्थ्यो होला ? भिरपाखा पर्वतबाट झरेका खोल्सा झरना दौडिएर नदीमा र नदी कलकलाउँदै समुद्रमा समाहित भएर अस्तित्व विस्तारको विश्वासमा छन् । वृक्षविरुवा पनि, बनबाटिका पनि समूहमा राम्रा देखिएका छन् । आकाशका ताराहरू समूहमा झिलमिलिएका छन् । प्रकृतिले अरूलाई आदर र विश्वास गर्न सिकाएको छ । नदी समुद्रमा समाहित हुनु भनेको आफू हराउनु होइन, आफ्नै पहिचान विस्तार गर्नु हो । प्रकृतिका धेरै अवयवमा भाषा छैन, विवेक छैन, चेत छैन, सङ्केत र शक्ति छैन, तैपनि स्वच्छ, शुद्ध र निश्छल छन् । मानिस प्रकृतिको श्रेष्ठ रचना, सचेत रचना भएकोले सन्देह र स्वार्थमा साँघुरिन कहाँ हुन्छ र ? विश्वासले सन्देहलाई लखेट्दै किनारा लगाउनुपर्ने होइन र ?

*-साहित्यपोष्ट डटकम*

# पाल्पाको भैरवनाथ मन्दिर चिनाउने दुई कृति प्रकाशन



**पाल्पा,** वैशाख १९/जिल्लाको रिब्दीकोट गाउँपालिका-४ मा रहेको ऐतिहासिक, धार्मिक तथा पर्यटकीयस्थल भैरवनाथ मन्दिर चिनाउने दुई कृति प्रकाशनमा आएका छन् । भैरवनाथ मन्दिर व्यवस्थापन समितिले सेनकालीन पाल्पाको इतिहास, भैरवनाथ मन्दिरको इतिहास, धर्म संस्कृति सम्बन्धी विविध विषयलाई समेटेर "पाल्पाका भैरवनाथ" र "पाल्पाको भैरवनाथ मन्दिर" नामक दुई कृति प्रकाशनमा ल्याएको हो ।

प्रकाशित कृतिलाई ऐतिहासिक ग्रन्थका रुपमा लिइएको छ । साहित्यकार तथा लेखक राम ज्ञवाली र नवराज ज्ञवालीले ति कृतिहरुको लेखन तथा सम्पादन गरेका छन् । प्रकाशित कृतिको प्रतिनिधिसभाका सभामुख देवराज घिमिरे, लुम्बिनी प्रदेश सभाका सभामुख तुलाराम घर्तीमगरले संयुक्त रुपमा लोकार्पण गरेका थिए । उनीहरुले संघीय संसद, प्रदेशसभा तथा सचिवालयबिचको अन्तर व्यवस्थापिका भेलालाई तानसेनमा सम्बोधन गर्न आएका बेला मन्दिरमा एक औपचारिक कार्यक्रमकाबिच कृतिको लोकार्पण गरेका हुन् । कृति लोकार्पण गर्दै प्रतिनिधिसभाका सभामुख घिमिरेले ऐतिहासिक मन्दिरलाई राष्ट्रिय, अन्तर्राष्ट्रियस्तरमा चिनाउन कृति महत्वपूर्ण हुने विश्वास व्यक्त गरे । उनले कृतिले पाल्पाको भैरवनाथ मन्दिरलाई मात्र नभई देशभरकै भैरवहरूको बारेमा जानकारी दिन सफल भएकाले पुस्तक मात्र नभएर दर्पण समेत रहेको बताए । सभामुख घिमिरेले मठमन्दिरहरू राष्ट्रकै अमूल्य सम्पत्ति रहेको भन्दै तिनको संरक्षण गर्नु दायित्व सबैको रहेको उल्लेख गरे । उनले सरकारी तवरबाट समेत भैरव मन्दिरको संरक्षण र प्रवर्द्धनमा आवश्यक सहयोग रहने बताए । प्रदेशसभाका सभामुख घर्तीमगरले समग्र धार्मिक तथा साँस्कृतिक, ऐतिहासिक पृष्ठभूमिलाई उजागर गर्दै गहन खोज अनुसन्धानको दृष्टिकोणले कृति अत्यन्तै महत्वपूर्ण रहेको बताए । उनले कृति पठनीय र संग्रहणीय बन्ने विश्वास व्यक्त गरे । सभामुख घर्ती मगरले भैरव मन्दिरलाई अन्तर्राष्ट्रियस्तरमै चिनाउन प्रदेश सरकारले विशेष ध्यान दिने र संघीय सरकारसँग पहल गर्ने प्रतिवद्धता जनाए । रिब्दीकोट गाउँपालिका अध्यक्ष नारायणबहादुर कार्कीले भैरवप्रति श्रद्धा, आस्था र विश्वास राख्ने भक्तजन र खोज अनुसन्धानकर्ताहरूका लागि कृति महत्वपूर्ण हुने विश्वास व्यक्त गरे ।

मन्दिर व्यवस्थापन समितिका अध्यक्ष गोविन्दबहादुर पोखरेलले पाँच सय वर्ष पुरानो भैरवनाथ मन्दिरको इतिहासका बारेमा सबै भक्तजनहरुलाई जानकारी गराउन कृति प्रकाशनमा ल्याइएको बताए । भैरव र नाथको चिनारी, विशेषता एवं स्वरुपका बारेमा कृतिमा उल्लेख गरिएको उनले जानकारी दिए । भैरवका, कालभैरव र बटुक भैरवको चिनारी एवं विशेषता, मच्छिन्द्रनाथ, गोरखनाथ र नवनाथका बारेमा जानकारी, भैरवनाथ मन्दिरका स्थापनाकर्ता राजा मणि मुकुन्दसेनको जीवन र कर्मको इतिहास, मन्दिर स्थापना सम्बन्धी विभिन्न कथाहरु, मन्दिरको भौगोलिक जानकारी, पूजा पद्धती र भाकलको मनोविज्ञान आदि बारे कृतिमा सविस्तार व्याख्या विश्लेषण गरिएको छ । यस्तै कृतिमा मन्दिरमा चढाइने रोट, बली परम्परा, मन्दिरका अभिलेखहरु, कलाकृतिहरु, मन्दिरमा गरिने पाठ तथा मन्त्र जप, मन्दिर परिसर र सेरोफेरो बारे पनि उल्लेख गरिएको छ । भैरव मन्दिर सबैको साझा सम्पति भएकाले यसको संरक्षण र प्रचारप्रसारमा लाग्न वडाअध्यक्ष सोमबहादुर कार्कीले सबैमा अनुरोध समेत गरे ।

# सकारात्मक शिक्षा फैलाउँदै ईश्वरीय विश्वविद्यालय




**पाल्पा,** वैशाख १९/ब्रह्माकुमारी ईश्वरीय विश्व विद्यालय क्षेत्रिय कार्यालय पाल्पाले सकरात्मक शिक्षा फैलाउँदै आएको छ । शान्ति, योगा, ध्यान जस्ता विषयमा ज्ञान प्रदान गर्दै आएको विद्यालयले गुल्मी र पाल्पामा रहेका आफ्ना शाखाहरुमार्फत ठाउँ- ठाउँमा सकारात्मक सोच तथा शिक्षा प्रदान गर्दै आएको हो ।

उसले गुल्मीको रिडी र पाल्पाको तिनाउमा छुट्टाछुट्टै कार्यक्रम गरी सकारात्मक सन्देश प्रवाह गर्ने र एक आपसमा नयाँ वर्षको शुभकामना आदान-प्रदान गरेको छ । विद्यालयले रिडी शाखाको आयोजनामा सकरात्मक शिक्षा प्रदानसँगै अभिनन्दन र शुभकामना अदान-प्रदान गरेको छ । उक्त कार्यक्रममा रुरु क्षेत्र गाउँपलिका-१ का वडा अध्यक्ष नवराज बिकले समाजमा नैतिक तथा सकारात्मक शिक्षा फैलाउने काममा ब्रह्माकुमारी ईश्वरीय विश्व विद्यालयले महत्वपूर्ण भूमिका खेलेको बताए । उनले अहिलेको अवस्थामा सकरात्मक शिक्षा र चिन्तन आवश्यक रहेको औल्याउँदै विद्यालय त्यस्ता खालका कार्यक्रम गर्दै आएकोमा धन्यवाद समेत व्यक्त गरे । कार्यक्रममा विद्यालयका पाल्पा तथा गुल्मी क्षेत्रका सचिव तथा केन्द्रिय सदस्य, राजयोगी ब्रह्माकुमार भानुप्रकाश पौडेलले समाजमा देखिएका बेथिति तथा विसंगतिहरुलाई समाधान गर्न राजयोगको अभ्यास गर्न आवश्यक रहेको उल्लेख गरे । उनले सत्य ईश्वरीय ज्ञान र राजयोगको माध्यमबाट जीवनमा आध्यात्मिक एंव भौतिकता दुवैको समन्वय र सन्तुलन स्थापित गर्दै जीवनमा खुसी, सुख, शान्ति आनन्दका साथै ईश्वरीय शक्ति एंव वरदान प्राप्तिको अनुभूति गराउने काममा सकरात्मक शिक्षाले दिने बताए । सचिव पौड्यालले भने 'वर्तमान समय मानवमा व्याप्त चिन्त, तनाव, डिप्रेसन, दुख, भय र असुरक्षाले भड्की रहेको मानव मनद्वारा सिर्जित सर्व समस्याहरुको निरुपण गरी जीवनमा खुसी, सुख, शान्ति आनन्दका साथै ईश्वरीय शक्ति एंव वरदान प्राप्तिको अनुभूति सकरात्मक शिक्षाले गराउने विश्वास लिएका छौं ।' कार्यक्रममा ब्र.कु संगीता दिदी, समाजसेवी, तुलसी मल्ल, भगवती बराल, लगायतले आ-आफ्ना धारणा राखेका थिए । कार्यक्रममा विद्यालयले ओम शान्ति तथा राजयोग भवन निर्माणामा सहयोग गर्ने स्थानीय, पालिका प्रतिनिधी तथा दाताहरुलाई सम्मान समेत गरेको थियो । रिडी केन्द्रकी सञ्चालिका ब्र.कु गौरी दिदीको अध्यक्षता, ब्र.कु बसन्ती दिदीको सञ्चालनमा कार्यक्रम भएको थियो । यस्तै विद्यालय डुम्रे शाखाको आयोजनामा पाल्पाको तिनाउ गाउँपालिका-३ झुम्सामा पनि सकारात्मक शिक्षा तथा शुभकामना आदान-प्रदान कार्यक्रम गरिएको छ । कार्यक्मा तिनाउ गाउँपालिकाका अध्यक्ष प्रेम श्रेष्ठले राजयोग साधना र सकारात्मक चिन्तनबाट मात्रै जीवन खुशी र सुखी हुने विश्वास व्यक्त गरे । उनले मन बचन र कर्मले लाग्नुपर्नेमा जोड दिए । कार्यक्रममा मोटीभेसनल ट्रेनर ऋषी न्यौपानेले सकरात्मक शिक्षाका बारेमा प्रशिक्षण दिर्दै तनाव व्यवस्थापन गर्न सकारात्मक सोचको अभ्यास गर्न आग्रह गरे । कार्यक्रममा विद्यालयका क्षेत्रिय सचिव तथा केंद्रिय सदस्य, राजयोगी ब्रह्माकुमार भानुप्रकाश पौडेल, वडा अध्यक्ष तिर्थबहादुर थापा, महिला समाजसेबी साबित्रा पाण्डे लगायतले अहिलेको अवस्थामा सकरात्मक शिक्षा अपरिहार्य रहेको उल्लेख गरे । विद्यालय डुम्रे शाखाकी सञ्चालिका ब्र.कु जानकी दिदीको अध्यक्षता, समाजसेवी शिव पाण्डेको सञ्चालनमा कार्यक्रम भएको थियो ।

## खेलकुद समाचार

# वेस्ट इन्डिज 'ए' सँग नेपाल पराजित



**काठमाडौं,** वैशाख १९/वेस्ट इन्डिज 'ए' टोलीसँगको टी-२० क्रिकेट शृङ्खलाको तेस्रो खेलमा नेपाल ७६ रनले पराजित भएको छ । वेस्ट इन्डिज 'ए' ले दिएको २ सय २८ रनको लक्ष्य पछ्याएको नेपाल १९ ओभर २ बलमा १ सय ५१ रनमा अल आउट भयो । नेपालका लोकश बम र करण केसीले समान २८, कुशल मल्लले २०, विनोद भण्डारीले १९, अनिल साहले १४ रन बनाए । अन्य खेलाडीले दोहोरो अंकमा रन बनाउन सकेनन् । वेस्ट इन्डिज 'ए' का हेडन वाल्शले ३, गुदाकेश मोटीले २ विकेट लिएका थिए ।

यसअघि कीर्तिपुरको त्रिवि क्रिकेट मैदानमा टस जितेर ब्याटिङ गरेको वेस्ट इन्डिज 'ए' ले २० ओभरमा ३ विकेट गुमाएर २ सय २७ रन बनायो । वेस्ट इन्डिज 'ए' का ओपनर ब्याटर जोनसन चार्ल्सले शतक बनाए । चार्ल्स ५९ बलमा १ सय १९ रन बनाएर नट आउट रहे । यस्तै आन्द्रे फ्लेचरले ५३ रन बनाए । नेपालका करण केसी र सागर ढकालले समान १ विकेट लिए । योसँगै पाँच खेलको टी-२० क्रिकेट शृङ्खलामा वेस्ट इन्डिज 'ए' ले २-१ ले अग्रता लिएको छ । यसअघि पहिलो खेलमा नेपालले वेस्ट इन्डिज 'ए' लाई चार विकेटले हराएको थियो । यस्तै दोस्रो खेलमा वेस्ट इन्डिज 'ए' ले नेपाललाई १० रनले हराएको थियो ।

शृङ्खलाको चौथो खेल आज बिहीबार पाँचौं तथा अन्तिम खेल शनिबार हुनेछ । नेपालले आईसीसी टी-२० विश्वकपको तयारी स्वरूप वेस्ट इन्डिज 'ए' सँग पाँच खेलको शृङ्खला खेलिरहेको हो । यो शृङ्खलापछि नेपाली टोली टी-२० विश्वकप खेल्न अमेरिका जानेछ । वेस्ट इन्डिज 'ए' टोली पहिलो पटक नेपाल भ्रमणमा आएको हो ।


वर्गिकृत डिस्प्ले

१ X ५ साइजमा मात्र

वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्क: ०७५-५२०६०१


## अर्थ/कर्पोरेट समाचार

# डिजेल र मट्टितेलको मूल्य घट्यो



**पाल्पा,** वैशाख १९/नेपाल आयल निगमले डिजेल र मट्टितेलको मूल्य घटाएको छ । बुधबारदेखि लागू हुने गरी डिजेल र मट्टितेलको मूल्य प्रतिलिटर दुई रुपैयाँले घटेको हो ।

निगम सञ्चालक समितिको मंगलबार बसेको बैठकले डिजेल र मट्टितेलको मूल्य घटाउने र हवाई इन्धनको मूल्य बढाउने निर्णय गरेको थियो । निगमले डिजेल/मट्टितेलको मूल्य पहिलो वर्गका लागि प्रतिलिटर एक सय ५६ रुपैयाँ ५० पैसा, दोस्रो वर्गका लागि एक सय ५८ रुपैयाँ र तेस्रो वर्गका लागि प्रतिलिटर एक सय ५९ रुपैयाँ तोकेको छ । इन्डियन आयल कर्पोरेसन (आइओसी)बाट प्राप्त नयाँ खरिद मूल्यअनुसार पेट्रोल र डिजेलको मूल्यमा प्रतिलिटर क्रमश: ०.०२ र २.४५ रुपैयाँले घटेको निगमले जनाएको छ । निगमले हवाई इन्धन (आन्तरिकतर्फ) प्रतिलिटर १ रुपैयाँ र हवाई इन्धन (अन्तर्राष्ट्रियतर्फ) प्रतिकिलोलिटर अमेरिकी डलर ७ ले वृद्धि गरेको छ । मूल्य बढेसँगै हवाई इन्धन (आन्तरिक)को मूल्य प्रतिलिटर एक सय ३७ र हवाई इन्धन (अन्तर्राष्ट्रिय)को मूल्य प्रतिलिटर अमेरिकी डलर १.०४२ पुगेको छ । पेट्रोल र खाना पकाउने एलपी ग्यासको मूल्य भने यथावत राखिएको निगमका प्रवक्ता मनोज ठाकुरले जानकारी दिए ।


## लामखुट्टेबाट सर्ने रोगबाट बचौं ।

*औलो (मलेरिया), डेंगी ज्वरो, कालाजार, जापानिज इन्सेफलाइटिस जस्ता संक्रामक रोग लामखुट्टेको टोकाईबाट हुने गर्दछ ।*

***यसबाट बच्न,***

- झुल लगाएर सुत्ने,
- पूरा शरीर ढाक्ने गरी लुगा लगाउने,
- शरीरका खुला अंगमा लामखुट्टेले नटोकोस् भनी सचेत रहने,
- घरको झ्याल तथा ढोकामा जाली राख्ने,
- घर वरिपरि, बगैचा र सार्वजनिक स्थानमा पानी जम्न नदिने र खाल्डाखुल्डी पुर्ने,
- ढल, नाला खुला नराख्ने,
- पोखरी, दह तथा नालामा लामखुट्टेको लार्भा खाने माछा पाल्ने, सुंगुर, बंगुर, हाँस घोडाजस्ता पशुपन्छीहरु व्यवस्थित ढंगले पाल्ने,
- मानिस बस्ने घरभन्दा पशुपन्छीको खोर टाढा राख्ने ।

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

नेपाल सरकार

विज्ञापन बोर्ड



हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई